नेपाल राष्ट्र बैंकको प्रयोजनको लागि मात्र

# नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
कानून महाशाखा
२०६५

# नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २९ को खण्ड (ण) तथा दफा ३१ समेतको प्रयोजनको लागि ऐ ऐनको दफा ११० को उपदफा (२) को खण्ड (घ) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी विनियमहरुको नाम "नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ र सो शव्दले दफा २७ बमोजिमको कायम मुकायम मुकरर गभर्नरलाई समेत जनाउनेछ ।

(ङ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(च) "इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वित्तीय कारोवार गर्न बैंकबाट इजाजतपत्र प्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्छ ।

३. **समितिले गभर्नरलाई अख्तियार प्रत्यायोजन गर्नेः** (१) समितिले ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये देहायका अधिकारहरु गभर्नरलाई प्रत्यायोजन गरेको छः-

(क) इजाजतपत्र प्राप्त "क" वर्गको बैंक र "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरका विकास बैंक बाहेक अन्य वर्गका वित्तीय संस्थाको इजाजत पत्र दिने सम्बन्धमा निर्णय गर्ने,

(ख) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा भएको निक्षेप, सापटीकोष वा अन्य दायित्वको अनुपातमा बैंकमा अनिवार्य नगद मौज्दात जम्मा गर्ने विषयमा निर्देशन दिने,

(ग) इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले बैंकले तोके बमोजिमको अनिवार्य नगद मौज्दात रकम जम्मा नगरेमा प्रचलित कानून बमोजिम त्यस्तो इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थालाई जरिवाना गर्ने,

(घ) बैंकको डिस्काउण्ट दर र बैंक दर तथा पुनर्कर्जाको व्याजदर निर्धारण गर्ने,

(ङ) इजाजतपत्र प्राप्त संस्थाबाट गरिने विदेशी विनिमय कारोवार नियमित तथा व्यवस्थित गर्नका लागि आवश्यक आदेश, निर्देशन, परिपत्र वा सूचना जारी गर्ने,

(च) बैंकले विदेशी विनिमय, सुन तथा बहुमूल्य धातु खरिद वा विक्री गर्ने विषयमा निर्णय गर्ने,

(छ) बैंकको आफ्नो खाता वा सरकारी खाताको लागि विदेश स्थित सार्वजनिक वा निजी केन्द्रीय क्लियरिङ संस्थासँग क्लियरिङ तथा भुक्तानी सम्झौता गर्ने,

(ज) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको कामकारवाही नियमन गर्ने सम्बन्धमा आवश्यक निर्देशन जारी गर्ने,

(झ) बैंकिङ्ग तथा वित्तीय व्यवस्था, मुद्रा तथा कर्जाका सम्बन्धमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थालाई समय समयमा आवश्यक निर्देशन दिने,

(ञ) इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले बैंकले तोकिदिए बमोजिमको क्षेत्रमा कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा त्यस्तो इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थालाई हर्जाना लगाउने विषयमा निर्णय गर्ने,

(ट) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थालाई डिबेन्चर वा अन्य वित्तीय उपकरण जारी गर्न स्वीकृति दिने,

(ठ) इजाजतपत्र प्राप्त "क" वर्गको बैंक र "ख" वर्गको राष्ट्रिय स्तरको विकास बैंक बाहेकका अन्य विकास बैंक, वित्त कम्पनी तथा वित्तीय संस्थाको समष्टिगत निरीक्षण तथा सुपरीवेक्षण प्रतिवेदन उपर निर्णय गरी सो सम्बन्धमा चाल्नु पर्ने कदमहरुका बारेमा आवश्यक निर्देशन दिने,

(ड) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको शाखागत निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन उपर निर्णय गरी सो सम्बन्धमा चाल्नु पर्ने कदमहरुका बारेमा आवश्यक निर्देशन दिने,

(ढ) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको लक्षित अनुगमन तथा विशेष निरीक्षण प्रतिवेदन उपर निर्णय गरी सो सम्बन्धमा चाल्नु पर्ने कदमहरुका बारेमा आवश्यक निर्देशन दिने,

(ण) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन उपर निर्णय गरी सो सम्बन्धमा चाल्नु पर्ने कदमहरुका बारेमा आवश्यक निर्देशन दिने,

(त) इजाजत पत्र प्राप्त बैंक वा वित्तीय संस्थाले बैंकको नियमन उल्लंघन गरेमा त्यस्तो बैंक वा वित्तीय संस्था वा पदाधिकारीलाई प्रचलित कानून बमोजिम सजाय गर्ने,

(थ) इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ वा ऐन वा प्रचलित कानून अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत बैंकले जारी गरेको आदेश वा निर्देशनको उल्लंघन गरेमा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थालाई सजाय गर्ने विषयमा निर्णय गर्ने,

(द) नेपाल वा विदेशस्थित बैंक वा वित्तीय संस्थामा बैंकको नाममा खाता खोल्ने, कारोवार सञ्चालन गर्ने वा त्यस्तो खाता बन्द गर्ने विषयमा निर्णय गर्ने, र

(ध) ऐनको दफा ८८ र सो अन्तर्गत बनेको विनियमावलीको अधिनमा रही कर्जा सूचना आदान प्रदान गर्ने विषयमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था र कर्जा सूचना केन्द्रलाई आवश्यक निर्देशन दिने ।

(२) गभर्नरले उप-विनियम (१) को खण्ड (ठ), (ड), (ढ) वा (ण) बमोजिम पेश हुन आएका प्रतिवेदन उपर अध्ययन गराउन आवश्यक ठानेमा सम्बन्धित डेपुटी गभर्नरको अध्यक्षतामा उपसमिति गठन गरी सुझाव लिन सक्नेछ ।

(३) समितिबाट प्रत्यायोजित भए बमोजिम गभर्नरले आफूले गरेको कामकारवाहीको सम्बन्धमा समितिलाई जानकारी गराउनु पर्नेछ ।

४. **विदेशी विनिमय कारोवार सम्बन्धी अख्तियारी:** (१) गभर्नरले ऐन बमोजिम तथा समितिद्वारा प्रत्यायोजन भई विदेशी विनिमय कारोवार सम्बन्धमा आफूलाई प्राप्त अधिकारहरु मध्ये अनुसूची-१ मा उल्लिखित अधिकारहरु बैंकको विदेशी विनिमय व्यवस्थापन विभाग हेर्ने डेपुटी गभर्नर तथा सो विभागका पदाधिकारीहरुलाई प्रत्यायोजन गरेको छ ।

(२) उप-विनियम (१) बमोजिम प्रत्यायोजित अधिकारको प्रयोग गर्दा सम्बन्धित पदाधिकारीले विदेशी विनिमय सम्बन्धी प्रचलित ऐन, नियम, निर्देशिका तथा बैंकको विदेशी विनिमय नीतिको अधिनमा रही प्रयोग गर्नु पर्नेछ ।

५. **बैंक तथा वित्तीय संस्थाको नियमन सम्बन्धी अख्तियारी :** (१) गभर्नरले ऐन बमोजिम तथा समितिद्धारा प्रत्यायोजन भई बैंक तथा वित्तीय संस्थाको नियमन सम्बन्धी आफूलाई प्राप्त अधिकारहरु मध्ये अनुसूची-२ मा उल्लिखित अधिकारहरु बैंक तथा वित्तीय संस्था नियमन विभाग हेर्ने डेपुटी गभर्नर वा सो विभागका पदाधिकारीहरुलाई सोही अनुसूची मा उल्लेखित भए बमोजिम प्रत्यायोजन गरेको छ ।

(२) विनियम ४ को अनुसूची-१ र विनियम ५ को अनुसूची-२ बमोजिम गभर्नरबाट प्रत्यायोजित अख्तियार प्रयोग गर्ने अधिकारीले आफूले गरेको काम कारवाहीको सम्बन्धमा समय समयमा गभर्नरलाई जानकारी गराउनु पर्नेछ ।

"५क. **वित्त व्यवस्थापन सम्वन्धी अख्तियारी:** गभर्नरले ऐन तथा समितिद्वारा प्रत्यायोजन भएका वित्त व्यवस्थापन सम्वन्धी आफूलाई प्राप्त अधिकारहरु मध्ये अनुसूचि ३ को परिशिष्ट क, ख, ग, र घ मा उल्लिखित अधिकारहरु सोही बमोजिमका पदाधिकारीहरुले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गरिएको छ ।"[ज्ञ]

६. **अनसूचीमा हेरफेर वा थपघट :** गभर्नरले अनुसूचीमा आवश्यक हेरफेर र वा थपघट गर्न सक्नेछ ।

७. **खारेजी तथा बचाऊ :** (१) नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०५९ खारेज गरिएको छ ।

(२) उपविनियम (१) बमोजिम खारेज गरिएको विनियमावली बमोजिम भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिने छ ।

[ज्ञ] मिति २०६८।१२।१५ को प्रथम संशोधनबाट थप ।

अनूसुची-१

(विनियम ४ को उप-विनियम (१) संग सम्बन्धित)

**विदेशी विनिमय कारोवार सम्बन्धी अख्तियार प्रत्यायोजन**

**परिशिष्ट (क)**

| क्र. सं. | विषय शीर्षक | अख्तियारी प्राप्त अधिकारी र रकमको सिमा (अमेरिकी डलरमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | सहायक निर्देशक | उप-निर्देशक | निर्देशक | कार्यकारी निर्देशक | डेपुटी गभर्नर |
| क. | आयात | | | | | |
| १. | अध्ययन, तालिम, गोष्ठी, बैठक, आदिका लागि गरिने विदेश भ्रमण | ४,०००।- | १०,०००।- | १५,०००।- | २५,०००।- | २५,०००।- भन्दा बढी |
| २. | निर्यात/पर्यटन/औद्योगिक/प्रवर्धन तथा अन्य व्यापारिक भ्रमण र स्टल भाडा आदि | ३,००० | ८,००० | १२,००० | १५,००० | १५,०००।- भन्दा बढी |
| ३. | विदेशमा औषधी उपचार गर्न | २,००० | ४,००० | ८,००० | १५,००० | १५,०००।- भन्दा बढी |
| ४. | नेपाली संघ/संस्थाहरुले आ-आफ्नो परिवर्त्य विदेशी मुद्रा खाता खर्च गरी आफ्ना कर्मचारी तथा नेपाली नागरिकलाई विदेशमा अध्ययन, तालिम, सेमिनार आदिमा पठाउन | ४,००० | १०,००० | १५,००० | २०,००० | २०,०००।- भन्दा बढी |
| ५. | विदेशमा कार्गो गरी आयात/निर्यात हुने माल वस्तुको ढुवानी भाडाको अनुमतिपत्र, हवाई अनुमतिपत्र | ४,००० | १०,००० | १५,००० | २०,००० | २०,०००।- भन्दा बढी |
| ६. | विमान सेवाहरुलाई आवश्यक विदेशी मुद्रा सटही | | | | | |
| | (क) लिज तथा अन्य किस्तावन्दीको भुक्तानी | १०,००० | २५,००० | ५०,००० | १,००,००० | १,००,००० भन्दा बढी |
| | (ख) इञ्जिन लगायत अन्य मर्मतको भुक्तानी | १०,००० | २५,००० | ५०,००० | १,००,००० | १,००,००० भन्दा बढी |
| | (ग) स्पेयर पार्टर्स तथा अन्य माल वस्त आयात | ५,००० | २५,००० | ५०,००० | १,००,००० | १,००,००० भन्दा बढी |
| | (घ) विदेशमा इन्धन खरिद तथा अन्य प्रयोजन | १०,००० | २५,००० | ५०,००० | १,००,००० | १,००,००० भन्दा बढी |
| ७. | लोपोर्ट सर्भे र डेमरेज चार्ज आदि | ५,००० | १०,००० | २५,००० | ५०,००० | ५०,००० भन्दा बढी |
| ८. | ग्लोवल टेण्डर अन्तर्गत विदेशी मुद्रामा भुक्तानी हुने गरी संचालित वा नेपाल सरकारले विदेशी मुद्रामा भुक्तानी गर्ने स्वीकृति दिएका नेपाल सरकारका निकाय वा संगठित संस्थाका आयोजना/परियोजनाको भुक्तानी | १०,००० | २५,००० | ५०,००० | १,००,००० | १,००,००० भन्दा बढी |
| ९. | आधुनिक संचार सेवा (जस्तै भि-स्याट), अन्य प्रशारण, संचालन, लिजिंग, कनेक्टीभिटी आदि वापतको शुल्क | १०,००० | २५,००० | ५०,००० | १,००,००० | १,००,००० भन्दा बढी |
| १०. | प्राविधिक सेवा सम्झौता (टिएसए) वापत विदेशमा गर्नुपर्ने भुक्तानी | १०,००० | २५,००० | ५०,००० | १,००,००० | १,००,००० भन्दा बढी |
| ११. | होटेल तथा अन्य निकायको व्यवस्थापन शुल्क ( मेनेजमेन्ट फी) लगायत अन्य यस्तै प्रकृतिका शुल्की (फी) | ५,००० | १५,००० | २५,००० | ५०,००० | ५०,००० भन्दा बढी |
| १२. | विभिन्न निकायमा कार्यरत विदेशी नागरिकको पारिश्रमिक वापतको भुक्तानी | ५,००० | १५,००० | २०,००० | २५,००० | २५,००० भन्दा बढी |
| १३. | प्रचलित व्यवस्था अन्तर्गत लिएको विदेशी ऋणको सांवा तथा व्याज भुक्तानी | १०,००० | २५,००० | ५०,००० | १,००,००० | १,००,००० भन्दा बढी |
| १४. | विज्ञापन, प्रचार प्रसाद, पत्रपत्रिका आदिको भुक्तानी | १,००० | ५,००० | १०,००० | १५,००० | १५,००० भन्दा बढी |
| १५. | रजिष्ट्रेशन, एप्लिकेशन, सदस्यता शुल्क आदिको भुक्तानी | ५,००० | १०,००० | १५,००० | २०,००० | २५,००० भन्दा बढी |
| १६. | विविध (पूंजिगत स्वरुपका कारोवार बाहेक अन्य विविध प्रयोजनका लागि आवश्यक कागजातको आधारमा) | ५,००० | १०,००० | १५,००० | २०,००० | २०,००० भन्दा बढी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख. | निर्यात<br>१. क्यास एगेन्स्ट डकुमेण्ट्स अन्तर्गत निर्यात गर्ने अनुमति<br>२. निर्यातको कम भुक्तानी (एक्सपोर्ट सर्टफल) स्वीकार गर्ने अनुमति (स्वीकृत सीमाभन्दा बढी रकम) | १०,०००<br>१,००० | ५०,०००<br>२,००० | १,००,०००<br>३,००० | २,००,०००<br>५,००० | २,००,००० भन्दा बढी<br>५,००० भन्दा बढी |
| ग. | रिप्याट्रीएसन<br>(१) रिप्याट्रिएशन सम्बन्धी<br>(२) चार महिना भित्र भुक्तानी ल्याउने शर्तमा विदेशी मुद्रामा क्रेडिट सेल्सको रिप्याट्रीएशन | १०,०००<br>५,००० | १,००,०००<br>१५,००० | ३,००,०००<br>२५,००० | १०,००,०००<br>५०,००० | १०,००,००० भन्दा बढी<br>५०,००० भन्दा बढी |
| घ. | धरौटी तथा बैंक ग्यारेण्टी फुकुवा<br>१. प्रतीतपत्र वा अन्य माध्यमबाट अग्रिम भुक्तानी पठाउंदाको धरौटी फिर्ता तथा बैंक जमानत फुकुवा गर्ने | १०,००० | २५,००० | १,००,००० | ३,००,००० | ३,००,००० भन्दा बढी |
| ङ. | **विविध** | | | | | |
| १. | विदेशबाट प्राप्त विदेशी मुद्रा फिर्ता गर्ने अनुमति | १,००० | ५,००० | १०,००० | २०,००० | २०,०००।- भन्दा बढी |
| २. | विभिन्न निकायले नेपालमा आयोजना गर्ने अन्तरराष्ट्रिय तालिम, सभा, सेमिनार आदि विभिन्न हैसियतमा आउने विदेशी नागरिक ( भारतीय वाहेक) लाई आवश्यक पर्ने हवाईजहाज भाडा, दैनिक भत्ता, पारिश्रमिक आदिको सटही सुविधा | ४,००० | १०,००० | १५,००० | २०,००० | २०,०००।- भन्दा बढी |
| ३. | परिवर्त्य विदेशी मुद्रा आर्जन नहुने तथा त्यस्ता खाता नहुने नेपालका संगठित संघ/संस्थाहरुले आफ्नो कर्मचारीहरुलाई विदेशमा अध्ययन तालिम, वैठक, सेमिनार आदिमा पठाउन | २,००० | ६,००० | १०,००० | १५,००० | १५,०००।- भन्दा बढी |
| ४. | संगठित संघ/संस्था तथा वहुराष्ट्रिय कम्पनीका मेशीन उपकरण आदि मर्मत । | ५,००० | १०,००० | २०,००० | ५०,००० | ५०,०००।- भन्दा बढी |
| ५. | नेपालको संगठित क्षेत्रहरुमा कार्यरत विदेशी नागरिकको लागि आवश्यक पर्ने हवाई टिकट खरिदको लागि (एपिएमटी) को अनुमति | १,००० | ५,००० | १०,००० | २०,००० | २०,०००।- भन्दा बढी |
| ६. | सम्बन्धित विदेशी पक्षसंग भएको सम्झौताको आधारमा नेपालका संगठित संघ/संस्थाहरुले लेखापरीक्षण, परामर्श सेवा जस्ता सेवाको सटही स्वीकृति | ५,००० | १०,००० | २०,००० | ५०,००० | ५०,०००।- भन्दा बढी |

*परिशिष्ट (ख)*

| विषय: शीर्षक | अख्तियार प्राप्त अधिकारी |
|---|---|
| **क. आयात**<br>१. विभागले दिएको विदेशी मुद्रा सटही अनुमतिको म्याद थप गर्ने | सहायक निर्देशक |
| २. नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएका विदेशी नागरिक र तिनका छोरा छोरीको लागि पासपोर्ट सुविधा सरहको विदेशी मुद्रा सटही र एपिएमटी सुविधा | सहायक निर्देशक |
| ३. नेपालका संगठित क्षेत्रमा कार्यरत विदेशी नागरिकहरुको लागि नेपाली रुपैयामा हवाई टिकट खरिद गर्ने अनुमति (एपिएमटी) | उप निर्देशक |
| ४. विदेशी लगानी कर्तालाई लाभांश लैजान सटही सुविधा प्रदान गर्ने | उप निर्देशक |
| ५. सम्बन्धित हिताधिकारीको नाममा बनाएको ड्राफ्ट रद्द गर्न स्वीकृत प्रदान गर्ने | उप निर्देशक |
| ६. नेपाल स्थित विदेशी राजदुतावासले भिसा दस्तुर वापत संकलित रकम आफ्नो देशमा पठाउन सटही सुविधा प्रदान गर्ने | कार्यकारी निर्देशक |
| ७. विदेशी लगानी कर्तालाई लगानी फिर्ता लैजान स्थायी सटही सुविधा प्रदान गर्ने | डेपुटी गभर्नर |
| ८. विदेशमा शाखा/सम्पर्क कार्यालय एवं विक्री कक्ष संचालन गर्न आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा प्रदान गर्ने | डेपुटी गभर्नर |
| ९. विद्युत खरिद सम्झौता (पिपिए) अन्तर्गत प्रदान हुने सटही | डेपुटी गभर्नर |
| १०. विदेशी लगानीकर्ताहरुको स्वामित्व हस्तान्तरण गर्न स्वीकृत प्रदान गर्ने | डेपुटी गभर्नर |
| **ख. निर्यात**<br>१. क्यास एगेन्स्ट डकुमेण्टस अन्तर्गत निर्यात गर्न राखेको बैंक जमानत फुकुवा गर्ने | उप निर्देशक |
| २. अग्रिम भुक्तानीको आधारमा भुटान निर्यात (भा.रु. मा विना प्रतितपत्र) को अनुमति | निर्देशक |
| ३. अग्रिम भुक्तानीका प्रमाणपत्र नवीकरण गर्ने | निर्देशक |
| **ग. प्रतित पत्र तथा बैंक ग्यारेण्टी**<br>१. बैंक ग्यारेण्टीका म्याद थप (नवीकरण) | उप निर्देशक |
| २. प्रतितपत्र/बैंक ग्यारेण्टी जारी गर्न अनुमति आवश्यक पर्ने अवस्थामा (रासायनिक मल, सेवा शुल्क वापत आदि) स्वीकृति दिने । | कार्यकारी निर्देशक |
| **घ. निरीक्षण तथा अनुगमन**<br>१. बैंक तथा वित्तीय संस्था बाहेक अन्य निकायको विदेशी मुद्रा कारोवार गर्ने सम्बन्धी इजाजतको नवीकरण (सबै प्रकारको) | उप निर्देशक |
| २. “क” र .राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरुले विदेशी बैंकमा नोष्ट्रो एकाउण्ट खोल्न स्वीकृति दिने | उप निर्देशक |
| ३. बैंक तथा वित्तीय संस्था र मनिट्रान्सफर तथा मनिचेन्जरको इजाजत नविकरण गर्ने | निर्देशक |
| ४. विदेशी मुद्रा सटही इजाजतपत्र लिन चाहने वा त्यस्तो इजाजतपत्र लिएका निकायको स्थलगत निरीक्षण गर्नु परेमा स्वीकृति दिने | निर्देशक |
| ५. बैंक तथा वित्तीय संस्था बाहेक अन्य निकायलाई विदेशी मुद्रा कारोवार गर्ने इजाजत प्रदान गर्ने । | निर्देशक |
| ६. मनिचेन्जर समितिलाई जानकारी गराउने गरी विदेशबाट विप्रेषण (रेमिटैन्स) भित्र्याउन इच्छुक फर्म कम्पनी संस्थालाई मनिट्रान्सफर तथा मनिचेन्जर खोल्न सहमति पत्र र इजाजत प्रदान गर्ने । | कार्यकारी निर्देशक |
| ७. बैंक तथा वित्तीय संस्थाहरुलाई विदेशी मुद्रा कारोवार गर्ने इजाजत प्रदान गर्ने | कार्यकारी निर्देशक |
| ८. परिपत्रले गरेको व्यवस्था बाहेकका संघ/संस्थाहरुलाई परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न स्वीकृति प्रदान गर्ने, | कार्यकारी निर्देशक |

| | |
|---|---|
| ङ. **रिप्याट्रिएसन**<br>१. कार्गो एजेन्सीलाई हाउस एयर वे वील जारी गर्ने अनुमति दिने, | कार्यकारी निर्देशक |
| २. विदेशी एयरलाईन्स कम्पनीहरुको जि.एस.ए., पि.एस.ए. भै कार्य गर्न स्वीकृत दिने । | कार्यकारी निर्देशक |
| च. **लगानी सम्बन्धी**<br>१. एशियन क्लियरिङ्ग युनियन (एसियू) कारोवार सम्बन्धी भुक्तानी/हिसाव मिलान गर्न स्वीकृति दिने, | सहायक निर्देशक |
| २. रेमिटैन्स वापत जम्मा हुन आएको रकम प्रदान गर्ने स्वीकृति दिने, | उप-निर्देशक |
| ३. लगानीको नवीकरण गर्न स्वीकृति दिने, | निर्देशक |
| ४. कारोवार भईरहेको बैंकमा लगानी गर्नु परेमा लगानी समितिबाट स्वीकृत सूचीमा परेका नयां बैंकमा लगानी गर्न स्वीकृति दिने । | कार्यकारी निर्देशक |
| छ. **करेन्सी स्वीच ओभर सम्बन्धी**<br>१. ऋण भुक्तानीका लागि स्वीच ओभर गर्न स्वीकृति दिने, | उप-निर्देशक |
| २. नेपाल सरकारको ऋण भुक्तानी र अन्तर्राष्ट्रिय मुद्रा कोषसंगको कारोवार सम्बन्धी स्वीकृति, | उप-निर्देशक |
| ३. पोर्टफोलियो डाइभर्सिफिकेशनका लागि स्वीच ओभर गर्न स्वीकृति दिने । | कार्यकारी निर्देशक |
| ज. **विनिमय दरको प्रकाशन**<br>परिवर्त्य विदेशी मुद्राहरुको खुल्ला बजार विनिमय दर प्रकाशन गर्ने । | सहायक निर्देशक |
| झ. **विदेशी विनिमय कारोवार सम्बन्धी अन्य व्यवस्था**<br>बैकिङ्ग कारोवार सञ्चालन गर्ने बैंकका कार्यालयहरुलाई विदेशी विनिमय कारोवार गर्न आवश्यक स्वीकृति दिने । | डेपुटी गभर्नर |

## अनुसूची-२[६]

*(विनियम ५ सँग सम्बन्धित)*

**बैंक तथा वित्तीय संस्था नियमन विभाग सम्बन्धी कार्यको अख्तियार प्रत्यायोजन**

| सि. नं. | विषय शीर्षक | अख्तियार प्राप्त अधिकारी |
|---|---|---|
| १. | वित्तीय मध्यस्थता सम्बन्धी काम गर्ने गैरसरकारी संस्थाहरुलाई दिईएको इजाजतपत्र नविकरण गर्ने | निर्देशक |
| २. | इजाजतपत्रप्राप्त संस्थाहरुको विवरणपत्र दर्ता गर्ने तथा स्वीकृत गर्ने | निर्देशक |
| ३. | इजाजतपत्रप्राप्त संस्थाहरुको कार्यालय स्थानान्तरण गर्न स्वीकृति दिने | कार्यकारी निर्देशक |
| ४. | इजाजतपत्रप्राप्त संस्थाहरुलाई काउण्टर खोली दिवा/रात्री सेवा सञ्चालन गर्न वा सञ्चालित काउण्टर स्थानान्तर गर्त वा बन्द गर्न स्वीकृति दिने | कार्यकारी निर्देशक |
| ५. | इजाजतपत्रप्राप्त संस्थाहरुका शाखा कार्यालयहरु खोल्न, स्थानान्तर गर्न, बन्द गर्न र एक आपसमा गाभ्ने स्वीकृति दिने | कार्यकारी निर्देशक |
| ६. | बैंक तथा वित्तीय संस्था संस्थापना गर्नका लागि प्रचलित नीतिगत व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकमा खाता खोली चुक्ता पूँजीको ५ प्रतिशत रकम जम्मा गर्न र संस्थापकहरुको विवरण सार्वजनिक सूचना प्रकाशन गर्न स्वीकृति दिने | कार्यकारी निर्देशक |
| ७. | प्राविधिक सेवा सम्झौता अन्तर्गत नियुक्त हुने कर्मचारी नियुक्तिको लागि स्वीकृति दिने र निज तथा आश्रित परिवारलाई भिसा उपलब्ध गराउन नेपाल सरकारमा सिफारिश गर्ने, | कार्यकारी निर्देशक |
| ८. | प्रचलित कानून बमोजिम कुनै निकायले कुनै व्यक्तिको/इजाजतपत्रप्राप्त संस्थाहरुका ग्राहकको खाताको विवरण माग गरेमा सो उपलब्ध गराउन, रोक्का गर्न र फुकुवा गर्न निर्देशन दिने, | कार्यकारी निर्देशक |
| ९. | लेखापरीक्षकको सूची कायम गर्ने तथा नविकरण गर्ने | कार्यकारी निर्देशक |
| १०. | लेखापरीक्षण गर्ने समयावधि बढीमा तीन महिनासम्म थप गर्ने | कार्यकारी निर्देशक |
| ११. | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १३ बमोजिमको व्यवसायिक विशेषज्ञहरुको सूची कायम गर्ने, सूचीमा रहेका व्यक्तिको नाम नविकरण गर्ने र कुनै कार्यकारण परेमा हटाउने | कार्यकारी निर्देशक |
| १२. | इजाजतपत्रप्राप्त संस्थाहरुको प्रबन्धपत्र र नियमावली तथा विविध विषयका विनियमावली र कर्जा नीति लगायतका नीतिहरु स्वीकृत गर्ने | कार्यकारी निर्देशक |
| १३. | इजाजतपत्रप्राप्त संस्थाहरुको नाम परिवर्तन र पूँजी वृद्धि गर्न स्वीकृति दिने | कार्यकारी निर्देशक |
| १४. | संस्थापक शेयर नामसारी गर्न स्वीकृति दिने | कार्यकारी निर्देशक |
| १५. | तोकिएका जिल्लामा शाखा कार्यालय खोलेमा पाउने शून्य व्याजदरको कर्जा सुविधा उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने | कार्यकारी निर्देशक |
| १६. | सहवित्तीयकरण कर्जा अन्तर्गत साझेदार परिवर्तन वा थप गर्न स्वीकृति प्रदान गर्ने | कार्यकारी निर्देशक |
| १७. | समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको व्यवस्थापन संचालनको लागि व्यवस्थापन समूह/व्यक्तिको सूची कायम गर्ने | कार्यकारी निर्देशक |
| १८. | राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरेको कर्जाको व्याज पूँजीकरण गरी आम्दानी जनाउन स्वीकृति दिने | कार्यकारी निर्देशक |
| १९. | प्राविधिक सेवा सम्झौता स्वीकृत गर्ने, संशोधन अनुमति दिने र नविकरण गर्ने, | डेपुटी गभर्नर |
| २०. | वित्तीय मध्यस्थता सम्बन्धी काम गर्ने गैरसरकारी संस्थाहरुलाई वित्तीय कारोवार गर्ने इजाजतपत्र प्रदान गर्ने | डेपुटी गभर्नर |

[६] श्रीमान् गभर्नरज्यूबाट मिति २०६९।१।३ को निर्णय बमोजिम हेरफेर तथा थपघट भएको ।

# अनुसूचि ३[घ]

## (विनियम ५क संग सम्बन्धित)

## वित्त व्यवस्थापन विभागको लागि परिशिष्ट "क"

## नाफा नोक्सान खर्च लेख्ने, वील स्वीकृत गर्ने तथा पेश्की दिने अख्तियारी

| | शीर्षक | | स.निर्देशक | उप निर्देशक | निर्देशक | का. निर्देशक |
|---|---|---|---|---|---|---|
| | क) | नाफा नोक्सान खर्च | | | | |
| | १. | दैनिक भ्रमण भत्ता | | | | |
| | क) | स्वदेशी | १५,०००।- | १५,०००।-भन्दा वढी | - | - |
| | ख) | विदेशी | - | - | ७५,०००।- | ७५,०००।-भन्दा वढी |
| | २. | छपाई तथा स्टेशनरी | १५,०००।- | ३०,०००।- | ७५,०००।- | ७५,०००।-भन्दा वढी |
| | ३. | मर्मत (सबै) | १०,०००।- | २०,०००।- | ५०,०००।- | ५०,०००।-भन्दा वढी |
| | ४. | परिवहन तथा ईन्धन | १५,०००। | ३०,०००।- | ७५,०००।- | ७५,०००।-भन्दा वढी |
| | ५. | कानूनी खर्च | १०,०००।- | २०,०००।- | ५०,०००।- | ५०,०००।-भन्दा वढी |
| | ६. | लेखापरिक्षक खर्च | - | सम्पूर्ण | - | - |
| | ७. | फुटकर फर्निचर | १५,०००।- | ३०,०००।- | ४५,०००।- | ४५,०००।-भन्दा वढी |
| | ८. | सन्चालक पारिश्रमिक र खर्च | १०,०००।- | २०,०००।- | २०,०००।-भन्दा वढी | - |
| | ९. | बीमा खर्च | - | ७५,०००।- | १,५०,०००।- | १५०,०००।-भन्दा वढी |
| | १०. | तार टिकट, टेलिफोन, टेलेक्स,फ्याक्स | ५,०००।- | ५,०००।-भन्दा वढी | - | - |
| | ११. | घर भाडा, बत्ती, बिजुली | - | सम्पूर्ण | - | - |
| | १२. | फुटकर (अन्य सबै) | १५,०००।- | २५,०००।- | ४०,०००।- | ४०,०००।-भन्दा वढी |
| | १३. | एजेन्सी कमिशन र कर | - | सम्पूर्ण | - | - |
| | १४. | रकम रकमान्तर खर्च ( रेमिटेन्स) | २५,०००।- | ५०,०००।- | १००,०००।- | १००,०००।-भन्दा वढी |
| | १५. | अपलेखन ❋ | | | | |
| | १६. | कर्मचारी कल्याणकारी कोष | | | १५,०००।- | १५,०००।-भन्दा वढी |
| | १७. | बैकिंग बिकास कोष | | १५,०००।- | ३५,०००।- | ३५,०००।-भन्दा वढी |
| | ख) | खरिद सम्पती | | | | |
| | १. | स्टेशनरी मौन्दात | १०,०००।- | १५,०००।- | ३५,०००।- | ३५,०००।-भन्दा वढी |
| | २. | फर्निचर | १५,०००।- | ५०,०००।- | १००,०००।- | १००,०००।-भन्दा वढी |
| | ३. | भवन तथा अन्य निर्माण | | | ५०,०००।- | ५०,०००।-भन्दा वढी |
| ग) विविध कोषहरु | | | | | | सम्पूर्ण |
| घ) औषधि खच | | | - | - | - | |
| | १. | स्वदेशी उपचार | १०,०००।- | २०,०००।- | ५०,०००।- | ५०,०००।-भन्दा वढी |
| | २. | विदेशी उपचार | २०,०००।- | ४५,०००।- | ७५,०००।- | ७५,०००।-भन्दा वढी |
| | ङ) | पेश्की एवं सापटी | | | | |
| | १. | भ्रमण पेश्की | सम्पूर्ण | - | - | - |
| | २. | औषधि पेश्की | - | - | २५,०००।- | २५,०००।-भन्दा वढी |
| | ३. | तलव पेश्की | - | - | सम्पूर्ण | - |
| | ४. | खरिद पेश्की | - | सम्पूर्ण | - | - |
| | ५. | अन्य सम्पूर्ण पेश्की | - | २०,०००।- | २०,०००।-भन्दा वढी | - |
| | ६. | अवकास कोष सापटी | ५०,०००।- | २,००,०००।- | २००,०००।भन्दा वढी | - |
| | ७. | टेलीफोन सापटी | - | सम्पूर्ण | - | - |
| | ८. | औषधि खरिद सापटी | - | सम्पूर्ण | - | - |
| | ९. | कर्मचारी कल्याणकारी सापटी | - | सम्पूर्ण | - | - |
| | च. | पेश्की एवंम सापटी | | | | सम्पूर्ण |

❋ अपलेखन सम्वन्धमा अपलेखन नीति, २०६८ बमोजिम हुने ।

[घ] मिति २०६८।१२।१५ को प्रथम संशोधनबाट थप ।

## (विनियम ५क संग सम्बन्धित)

## मुद्रा व्यवस्थापन विभाग र बैकिंग कार्यालयको लागि परिशिष्ट “ख”

## नाफा नोक्सान खर्च लेख्ने, वील स्वीकृत गर्ने तथा पेश्की दिने अख्तियारी

| शीर्षक | | स.निर्देशक | उप निर्देशक | निर्देशक | का. निर्देशक |
|---|---|---|---|---|---|
| क) | नाफा नोक्सान खर्च | | | | |
| १. | दैनिक भ्रमण भत्ता | | | | |
| क) | स्वदेशी | १५,०००।- | १५,०००।-भन्दा वढी | - | - |
| ख) | विदेशी | - | - | - | - |
| २. | छपाई तथा स्टेशनरी | १५,०००।- | ३०,०००।- | ५०,०००।- | ५०,०००।-भन्दा वढी |
| ३. | मर्मत (सबै) | १०,०००।- | २०,०००।- | ५०,०००।- | ५०,०००।-भन्दा वढी |
| ४. | परिवहन तथा ईन्धन | १५,०००। | ३०,०००।- | ५०,०००।- | ५०,०००।-भन्दा वढी |
| ५. | कानूनी खर्च | - | - | - | - |
| ६. | लेखापरिक्षक खर्च | - | - | - | - |
| ७. | फुटकर फर्निचर | - | १५,०००।- | ३०,०००।- | ३०,०००।-भन्दा वढी |
| ८. | सन्चालक पारिश्रमिक र खर्च | - | - | - | - |
| ९. | बीमा खर्च | - | - | - | - |
| १०. | तार टिकट, टेलिफोन, टेलेक्स,फ्याक्स | २,०००।- | २,०००।-भन्दा वढी | - | - |
| ११. | घर भाडा, बत्ती, बिजुली | ७,०००।- | १५,०००।- | १५,०००।-भन्दा वढी | - |
| १२. | फुटकर (अन्य सबै) | १५,०००।- | २५,०००।- | ४०,०००।- | ४०,०००।-भन्दा वढी |
| १३. | एजेन्सी कमिशन र कर | - | - | - | - |
| १४. | रकम रकमान्तर खर्च (रेमिटेण्स) | २५,०००।- | ४०,०००।- | ७५,०००।- | ७५,०००।-भन्दा वढी |
| १५. | अपलेखन | - | - | - | - |
| १६. | कर्मचारी कल्याणकारी कोष | - | - | - | - |
| १७. | बैकिंग बिकास कोष | - | - | - | - |
| ख) | सम्पत्ति खरिद | | | | |
| १. | स्टेशनरी मौन्दात | १०,०००।- | १५,०००।- | ३५,०००।- | ३५,०००।-भन्दा वढी |
| २. | फर्निचर | - | ५०,०००।- | ७५,०००।- | ७५,०००।-भन्दा वढी |
| ३. | भवन तथा अन्य निर्माण | - | - | ५०,०००।- | ५०,०००।-भन्दा वढी |
| ग) विविध कोषहरु | | | | | सम्पूर्ण |
| घ) औषधि खच | | - | - | - | सम्पूर्ण |
| १. | स्वदेशी उपचार | ५,०००।- | १०,०००।- | १५,०००।- | ५०,०००।- |
| २. | विदेशी उपचार | - | - | - | - |
| ङ) | पेश्की एवं सापटी | | | | |
| १. | भ्रमण पेश्की | - | - | - | सम्पूर्ण |
| २. | औषधि पेश्की | - | - | - | सम्पूर्ण |
| ३. | तलव पेश्की | - | - | - | सम्पूर्ण |
| ४. | खरिद पेश्की | - | - | - | सम्पूर्ण |
| ५. | अन्य सम्पूर्ण पेश्की | - | - | - | - |
| ६. | अवकास कोष सापटी | - | - | - | - |
| ७. | टेलीफोन सापटी | - | - | - | - |
| ८. | औषधि खरिद सापटी | - | - | - | - |
| ९. | कर्मचारी कल्याणकारी सापटी | - | - | - | - |
| च.) | माथी उल्लेखित बाहेकका शिर्षक भएमा ❋ | | | | |
| | नोट छपाई खर्च | - | - | - | सम्पूर्ण |
| | सिक्का टकमरी खर्च | - | - | - | सम्पूर्ण |

❋ मुद्रा व्यवस्थापन विभागको लागि मात्र ।

(विनियम ५क संग सम्बन्धित) परिशिष्ट "ग"

**नेपाल राष्ट्र बैंक बिराटनगर, जनकपुर, बीरगंज, नेपालगंज, पोखरा, सिद्धार्थनगर कार्यालयको लागि**

**नाफा नोक्सान खर्च लेख्ने, वील स्वीकृत गर्ने तथा पेश्की दिने अख्तियारी**

| शीर्षक | | | स.व्यबस्थापक | ना.व्यबस्थापक | व्यबस्थापक |
|---|---|---|---|---|---|
| | क) | नाफा नोक्सान खर्च | | | |
| | १. | दैनिक भ्रमण भत्ता | | | |
| | क) | स्वदेशी | १०,०००।- | १५,०००।- | १५,०००।- भन्दा वढी |
| | ख) | विदेशी | - | - | - |
| | २. | छपाई तथा स्टेशनरी | १,०००।- | २,०००।- | २,०००।- भन्दा वढी |
| | ३. | मर्मत (सबै) | १,०००।- | २,०००।- | २,०००।- भन्दा वढी |
| | ४. | परिवहन तथा ईन्धन | १,०००। | २,०००।- | २,०००।- भन्दा वढी |
| | ५. | कानूनी खर्च | - | - | - |
| | ६. | लेखापरिक्षक खर्च | - | - | - |
| | ७. | फुटकर फर्निचर | २,०००। | ५,०००।- | ५,०००।- भन्दा वढी |
| | ८. | सन्चालक पारिश्रमिक र खर्च | - | - | - |
| | ९. | बीमा खर्च | - | - | - |
| | १०. | तार टिकट, टेलिफोन, टेलेक्स,फ्याक्स | २,०००।- | ४,०००।- | ४,०००।- भन्दा वढी |
| | ११. | घर भाडा, बत्ती, बिजुली | ५,०००।- | १०,०००।- | १०,०००।- भन्दा वढी |
| | १२. | फुटकर (अन्य सबै) | १,०००।- | २,०००।- | २,०००।- भन्दा वढी |
| | १३. | एजेन्सी कमिशन र कर | १०,०००।- | १५,०००।- | १५,०००।- भन्दा वढी |
| | १४. | रकम रकमान्तर खर्च (रेमिटेण्स) | ४,०००।- | ७,०००।- | ७,०००।- भन्दा वढी |
| | १५. | अपलेखन | - | - | - |
| | १६. | कर्मचारी कल्याणकारी कोष | - | - | - |
| | १७. | बैकिंग बिकास कोष | - | - | - |
| | ख) | सम्पत्ति खरिद | | | |
| | १. | स्टेशनरी मौन्दात | ५,०००।- | १०,०००।- | १०,०००।- भन्दा वढी |
| | २. | फर्निचर | २,०००। | ५,०००।- | ५,०००।-भन्दा वढी |
| | ३. | भवन तथा अन्य निर्माण | - | - | - |
| ग) विविध कोषहरु | | | | | सम्पूर्ण |
| घ) औषधि खच | | | - | - | सम्पूर्ण |
| | १. | स्वदेशी उपचार | ५,०००।- | १०,०००।- | १५,०००।- |
| | २. | विदेशी उपचार | - | - | - |
| | ङ) | पेश्की एवं सापटी | | | |
| | १. | भ्रमण पेश्की | - | - | सम्पूर्ण |
| | २. | औषधि पेश्की | ५,०००।- | ७,०००।- | ७,०००।-भन्दा वढी |
| | ३. | तलव पेश्की | - | - | - |
| | ४. | खरिद पेश्की | १०,०००।- | २०,०००।- | २०,०००।-भन्दा वढी |
| | ५. | अन्य सम्पूर्ण पेश्की | - | - | - |
| | ६. | अवकास कोष सापटी | - | - | - |
| | ७. | टेलीफोन सापटी | - | - | - |
| | ८. | औषधि खरिद सापटी | - | - | - |
| | ९. | कर्मचारी कल्याणकारी सापटी | - | - | - |

(विनियम ५क संग सम्बन्धित) परिशिष्ट "घ"

# नेपाल राष्ट्र बैंक *धनगढी* कार्यालयको लागि

## नाफा नोक्सान खर्च लेख्ने, वील स्वीकृत गर्ने तथा पेश्की दिने अख्तियारी

| शीर्षक | | स.व्यबस्थापक | ना.व्यबस्थापक | व्यबस्थापक |
|---|---|---|---|---|
| क) | नाफा नोक्सान खर्च | | | |
| १. | दैनिक भ्रमण भत्ता | | | |
| क) | स्वदेशी | १०,०००।- | १०,०००।- भन्दा वढी | |
| ख) | विदेशी | - | - | |
| २. | छपाई तथा स्टेशनरी | १,०००।- | १,०००।- भन्दा वढी | |
| ३. | मर्मत (सबै) | १,०००।- | १,०००।- भन्दा वढी | |
| ४. | परिवहन तथा ईन्धन | १,०००। | १,०००।- भन्दा वढी | |
| ५. | कानूनी खर्च | - | - | |
| ६. | लेखापरिक्षक खर्च | - | - | |
| ७. | फुटकर फर्निचर | २,०००। | २,०००।- भन्दा वढी | |
| ८. | सन्चालक पारिश्रमिक र खर्च | - | - | |
| ९. | बीमा खर्च | - | - | |
| १०. | तार टिकट, टेलिफोन, टेलेक्स,फ्याक्स | २,०००।- | ४,०००।- भन्दा वढी | |
| ११. | घर भाडा, बत्ती, बिजुली | ५,०००।- | ५,०००।- भन्दा वढी | |
| १२. | फुटकर (अन्य सबै) | १,०००।- | १,०००।- भन्दा वढी | |
| १३. | एजेन्सी कमिशन र कर | १०,०००।- | १०,०००।- भन्दा वढी | |
| १४. | रकम रकमान्तर खर्च (रेमिटेण्स) | ४,०००।- | ४,०००।- भन्दा वढी | |
| १५. | अपलेखन | - | - | |
| १६. | कर्मचारी कल्याणकारी कोष | - | - | |
| १७. | बैकिंग विकास कोष | - | - | |
| ख) | सम्पत्ति खरिद | | | |
| १. | स्टेशनरी मौन्दात | ५,०००।- | ५,०००।- भन्दा वढी | |
| २. | फर्निचर | २,०००। | २,०००।- भन्दा वढी | |
| ३. | भवन तथा अन्य निर्माण | - | - | |
| ग) विविध कोषहरु | | | | |
| घ) औषधि खच | | - | - | |
| १. | स्वदेशी उपचार | ५,०००।- | ५,०००।- भन्दा वढी | |
| २. | विदेशी उपचार | - | - | |
| ङ) | पेश्की एवं सापटी | | | |
| १. | भ्रमण पेश्की | - | सम्पूर्ण | |
| २. | औषधि पेश्की | ५,०००।- | ५,०००।- भन्दा वढी | |
| ३. | तलव पेश्की | - | - | |
| ४. | खरिद पेश्की | १०,०००।- | १०,०००।- भन्दा वढी | |
| ५. | अन्य सम्पूर्ण पेश्की | - | - | |
| ६. | अवकास कोष सापटी | - | - | |
| ७. | टेलीफोन सापटी | - | - | |
| ८. | औषधि खरिद सापटी | - | - | |
| ९. | कर्मचारी कल्याणकारी सापटी | - | - | |